












# CTEVT

## NEWS BULLETIN

२०७८ वर्षः १९ अङ्कः २

### यस अङ्कका आकर्षण

- सम्पादकीय
- समाचार तथा गतिविधि
- अन्तर्वार्ता
- सफलताको कथा
- शिक्षालय परिचय

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

सानोठिमी, भक्तपुर फोन नं. ०१-६६३०४६९/६६३६१७२, www.ctevt.org.np

**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

श्री जीव नारायण काफ्ले

**सम्पादक मण्डल**

श्री विनोद बडाल

श्री अनील मुनी बज्राचार्य

श्री चन्द्र प्रसाद भट्टराई

**कम्प्यूटर डिजाईन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री संगिता लामिछाने

श्री देवदत्त बडु

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६

फोन नं. ०१-५६३९४५९/६६३६१७२

फ्याक्स नं. ०१-६६३०६७९

इमेल : research@ctevt .org .np

website: www .ctevt .org .np

प्रकाशन मितिः २०७८ असोज

# सम्पादकीय

आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको व्यवस्थापन तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक निकायहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने मुख्य उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त संस्थाको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमहरुको विकास, विस्तार समतामुलक पहुँच, गुणस्तरको प्रत्याभूति, पाठ्यक्रमको निर्माण तथा परिमार्जन, स्तर निर्धारण एवं प्रमाणीकरण, प्रशिक्षकहरुको क्षमता अभिवृद्धि, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याय्न गर्नुका साथै सरोकारवाला निकायहरु विच समन्वय तथा सहकार्य गर्दै आएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम विना देश विकास असंभव प्राय हुने भएकोले नेपालको संविधानको भाग ३ को धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीतिगत व्यवस्था गरेको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न परिषद्ले विद्यमान जनशक्ति, भौतिक संरचना तथा साधन स्रोतको अधिकतम परिचालन मार्फत गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्दै आएको छ ।

विगत तीन दशक भन्दा बढी समयदेखि परिषद्ले विभिन्न लामो तथा छोटो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका कार्यक्रमहरु सञ्चालन गरी उल्लेख्य संख्यामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको छ । परिषद्बाट उत्पादित जनशक्तिले स्वदेश तथा विदेशमा रहेर प्राविधिक ज्ञान र सीप प्रदर्शन गरी जिविकोपार्जन गर्दै आइरहेका छन् । यसका साथै भौगोलिक विकटता, प्राकृतिक प्रकोप तथा २०७२ को भुकम्प पछिको पुर्ननिर्माण र कोरोनाको महामारीमा समेत कृषि, स्वास्थ्य, पर्यटन तथा इन्जिनियरिङ्ग क्षेत्रमा उत्कृष्ट सेवा पुऱ्याउँदै आएको कुरा सर्वविदितै छ । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरु मार्फत युवा तथा लक्षित समुदायको क्षमता विकास तथा उद्यमशीलता अभिवृद्धि गरी सिक-कमाउ-तिर (Learn, Earn & Pay) को अवधारणा अनुसार आफ्ना गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल सरकारको साझा राष्ट्रिय आकांक्षा अनुरुप “**समृद्ध नेपाल, सुखी नेपाली**” को दीर्घकालीन सोचलाई मूर्तरुप दिन प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सबै नागरिकहरुको समतामुलक र समावेशी पहुँच पुऱ्याई श्रम बजारको माग अनुसारको गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधि मैत्री दक्ष जनशक्तिको उत्पादन गरी दिगो विकासका लक्ष्यहरु पुरा गर्न परिषद् प्रतिवद्ध रहेको छ । प्राविधिक शिक्षालाई गरी खाने शिक्षाको रुपमा विकास गरी बदलिदो परिवेश सुहाउँदो गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्न परिषद्ले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको परिप्रेक्ष्यमा प्रस्तावित ऐनमा थप अधिकार सम्पन्न एक स्वायत्त निकायको रुपमा परिषद्लाई स्थापित गर्दै जानु आजको प्रमुख आवश्यकता रहेको छ ।

# युरोपियन युनियनका राजदुतद्वारा शिक्षालयको भ्रमण





युरोपेली युनियन अन्तर्गत दक्षता परियोजनाको सहयोगमा सञ्चालित Strengthening Employer Engagement in CTEVT schools Project (SEECS) कार्यक्रम अन्तर्गत धवलागिरी प्राविधिक शिक्षालय, लेते मुस्ताङ्गले २०७८ असोज १२ गते सरोकारवालाहरुसँगको छलफल कार्यक्रम आयोजना गरेको थियो। युरोपियन युनियनका राजदुत HE Nona Deprez को उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा राजदुत नोनाले शिक्षालयमा उपलब्ध भौतिक पूर्वाधारका साथै शिक्षालयले सञ्चालन गरेका कार्यक्रमहरुको रुचिपूर्वक अवलोकन गर्नुभयो। सो कार्यक्रममा रोजगारदाता, अध्ययनरत प्रशिक्षार्थी, प्रशिक्षक तथा कर्मचारी र उतिर्ण प्रशिक्षार्थीहरुसँग राजदुत नोनाले अन्तर्क्रिया गर्नु भई देशको दुर्गम ठाँउमा अवस्थित रहेर पनि शिक्षालयले रोजगारदाताहरुसँग राम्रो समन्वय गरी आफ्ना कार्यक्रम सफलता पूर्वक सञ्चालन गर्न सकेकोमा खुशी व्यक्त गर्नुभयो। सो अवसरमा सिटिईभिटि गण्डकी प्रदेशका निर्देशकले महामहिय राजदुत लगायत उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै परिषद्ले सञ्चालन गर्ने विविध कार्यक्रमको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो भने शिक्षालय प्रमुख खड्ग सुब्वा, उप प्रमुख शिशिर सुब्वाले शिक्षालयका प्रमुख उपलब्धी र भावी कार्य योजना समेत बताउनु भएको थियो। कार्यक्रममा शिक्षालयसँग सहकार्य गर्दै आउनु भएका विभिन्न २५ जना रोजगारदाताको उपस्थिति रहेको थियो।

❖❖❖

# गण्डकी प्रदेश स्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न



प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, गण्डकी प्रदेश कार्यालयबाट प्रदेश भित्र सञ्चालन हुने सीपमूलक तालिमहरुमा एकरुपता कायम गर्दै एकीकृत ढंगले कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले २ दिने अन्तरक्रिया कार्यक्रम २०७८ भाद्र २० र २१ गते सम्पन्न भयो। कार्यक्रममा गण्डकी प्रदेश, नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुनाथ काफ्लेले गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउन प्रदेश सरकारले योजना बनाएर लागू गर्ने तयारीमा रहेको र यसलाई आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने कार्यमा सबै तालिम प्रदायकहरुले एकद्वार प्रणाली मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनु भएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास सचिव विनोद बहादुर कुँवरले समृद्धिको आधारको रुपमा रहेको दक्ष प्राविधिक जनशक्ति उत्पादनमा मन्त्रालयले विशेष जोड दिएको बताउनु भयो। कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का निर्देशक देवेशचन्द्र देवकोटा र प्रदेश निर्देशक प्रमोदभक्त आचार्यले परिषद्ले सञ्चालन गरेका कार्यक्रमहरुका साथै गण्डकी प्रदेश भित्र सञ्चालन हुने कार्यक्रमका बारेमा जानकारी गराउनु भएको थियो। कार्यक्रममा गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानका कार्यक्रम निर्देशक डा. सोमनाथ सापकोटा, सामाजिक विकास मन्त्रालयमा पदाधिकारीहरुका साथै गण्डकी प्रदेशमा रहेका परिषद्का आङ्गिक शिक्षालयका प्रमुख, लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा चालु आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमको बारेमा अभिमुखीकरण गराईएको थियो।

❖❖❖

# परिषद् र नविल बैंक बीच सम्झौता सम्पन्न




प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का विभिन्न कार्यक्रमबाट उतिर्ण भएका जनशक्तिहरुलाई उद्यमशील बन्न प्रोत्साहन गरी राष्ट्रलाई योगदान पुऱ्याउन, आफ्नो व्यापार व्यावसाय सञ्चालन गर्न तथा रोजगारीका अवसरहरु सिर्जना गर्न परिषद् र नविल बैंक बीच मिति २०७८।०३।१५ मा संझौता भएको छ । परिषद्का सदस्य-सचिव जीव नारायण काफ्ले र नविल बैकका कार्यकारी अधिकृत अनिल केशरी शाहले सम्झौतापत्रमा हस्ताक्षर गर्नु भएको छ। यसबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट उतिर्ण भएका जनशक्तिहरु आर्थिक अभावका कारण सीप र क्षमता भएर पनि उद्यमी बन्न नसकेका तथा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम लिन र उच्च शिक्षा अध्ययन गर्नबाट वञ्चित युवालाई सहुलियत कर्जा मार्फत आवश्यक सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरी दिगो विकासका लक्ष्यहरु हासिल गर्न सहज हुने भएको छ ।

सम्झौतापत्रमा नविल दिगो बैंकिङ्ग सेवा अन्तर्गत नविल किसान कर्जा, नविल उद्यमशील कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, TVET कर्जा र उच्च शिक्षा अध्ययनका लागि बैंकका विभिन्न शाखाहरुबाट सहुलियत कर्जा उपलब्ध गराउने व्यवस्था छ । यसका साथै बैंकले आवश्यकता अनुसार परिषद्का ग्राजुएटहरुलाई वित्तीय साक्षरता कार्यक्रम तथा तालिम समेत सञ्चालन गर्दछ । नविल बैकले प्रदान गरिने कर्जा तथा ऋण सापटी लिन चाहने विद्यार्थीहरुले पेश गरेका प्रस्तावना वा कागजातहरु बैंकको प्रचलित नियमानुसार छनौट भई स्वीकृत भएको हुनु पर्नेछ ।

### सम्झौता अनुसार नविल बैंकबाट उपलब्ध हुने सेवा सुविधाहरु*

| कर्जाहरु | किसान कर्जा | उद्यमशील कर्जा | TEVT सीप विकास कर्जा | TEVT उच्च शिक्षा कर्जा | शिक्षित युवा स्वरोजगार कर्जा |
|---|---|---|---|---|---|
| लक्षित ग्राहकहरु | कृषि व्यवसाय सम्बन्धी अनुभव र/वा तालिम लिएका कृषक तथा कृषि व्यवसायी | कृषि, वन, व्यापार निर्माण, सेवा आदि व्यवसाय सम्बन्धी अनुभव र/वा तालिम लिएका लघु, साना तथा मझौला उद्योग व्यवसायीहरु | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् संग आवद्ध संस्थाहरुमा भर्ना भएको प्रमाण तथा अन्य प्रमाणित कागजात संलग्न गरेका १८ बर्ष देखि ६५ बर्ष सम्मका नेपाली नागरिकहरु | SLC/SEE परीक्षा उत्तिर्ण भै आय स्रोत कमजोर भएका १८ वर्ष देखि २५ वर्ष सम्मका नेपाली नागरिकहरु | स्नातक उत्तिर्ण गरी कम्तिमा ७ दिन उद्यमशील सीप विकास तालिम प्राप्त गरेका १८ वर्ष देखि ४० बर्ष सम्मका नेपाली नागरिकहरु |
| उद्देश्य | कृषिमा उद्यमशीलताको विकास र प्रवर्द्धन गर्न | उद्यमशीलता/ स्टार्टअपको विकास तथा प्रवर्द्धन गर्न | प्राविधिक/व्यवसायिक तालिम प्राप्त गर्न | प्राविधिक/व्यवसायिक क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्न | उद्यमशीलता विकास गरी स्वरोजगार हुन |
| कर्जा अवधि | ५ बर्षसम्म | १-८ बर्ष सम्म | तालिम समाप्त पछि १ बर्ष वा बढीमा ३ बर्ष (दुई मध्ये जुन छिटो हुन्छ सोही) | शैक्षिक बर्ष वा बढीमा ५ वर्ष (दुई मध्ये जुन छिटो हुन्छ सोही) | बढीमा ५ बर्ष |
| कर्जा सीमा | व्यक्तिगत रु. १५ लाख सम्म संस्थागत रु. २५ लाख सम्म | रु. १ लाख देखि १ करोड सम्म | बढीमा रु. २ लाख सम्म | बढीमा रु. ५ लाख सम्म | बढीमा रु. ७ लाख सम्म |
| रकम तिर्नुपर्ने तालिका | व्यवसायको नगद आर्जन गर्न सक्ने क्रम बाँकी आधारमा मासिक/त्रैमासिक/अर्ध वार्षिक | व्यवसायको नगद आर्जन गर्न सक्ने क्षमताको आधारमा मासिक/ त्रैमासिक/अर्ध वार्षिक | मासिक किस्तावन्दी अनुसार तालिम समाप्त भएपछि १ बर्ष वा बढीमा ३ बर्ष (दुई मध्ये जुन छिटो हुन्छ सोही) | मासिक किस्तावन्दी अनुसार शैक्षिक वर्ष कायम रहेसम्म वा बढीमा ५ बर्ष (दुई मध्ये जुन छिटो हुन्छ सोही) | मासिक किस्तावन्दी अनुसार बढीमा ५ बर्ष |
| ऋण लिन सक्ने सीमा | व्यवसाय/परियोजना लागतको ७५ प्रतिशत सम्म | | | | |

* यी कर्जाहरु प्राप्त गर्नका लागि बैंकले तोकेको कागजातहरु पेश गर्नु पर्नेछ। यस सम्बन्धी थप जानकारीका लागि नजिकको नविल बैकको शाखामा सम्पर्क गर्न सकिनेछ।

❁❁❁



**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सेवामा ३० वर्ष देखि विभिन्न जिम्मेवारीमा रही विभिन्न महाशाखाको प्रमुख हुँदै प्रशासन महाशाखाको निर्देशकको भूमिका निर्वाह गरिसक्नु भएका जीवनारायण काफ्ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सीटीईभीटी)का सदस्य सचिव हुनुहुन्छ। गत असार ७ गते बसेको मन्त्रिपरिषद्को बैठकले उहाँलाई सदस्य सचिवमा नियुक्त गरेको हो। सदस्य सचिवमा नियुक्त भएपछि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा भएका उपलब्धी, यस क्षेत्रका चुनौती लगायतका विषयमा सदस्य सचिव काफ्लेसँग लिइएको अन्तर्वार्ता तल प्रस्तुत गरिएको छ।**

# अन्तर्वार्ता

> "संविधानको मर्म र भावना अनुसार संघीयताको मोडेल अनुरुप प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच विस्तार गर्नु आजको आवश्यकता हो।"

१) **यहाँ परिषद्को सदस्य-सचिवमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई छ । यहाँको परिषद् सेवामा लामो अनुभव भएको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको क्षेत्रको समग्र अवस्था कस्तो पाउनुहुन्छ ?**

नेपालमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको विकासक्रमलाई हेर्ने हो भने वि.सं.२०१८ मा खुलेको बालाजु यन्त्रशाला (हालको बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी)बाट व्यावसायिक तालिम प्रदान गर्न शुरु भएको पाइन्छ । यद्यपि विभिन्न समयमा गरिएका नीतिगत फेरवदलका कारण जे जस्तो रुपमा यसको विकास, गुणस्तर र विस्तार हुनुपर्ने हो सो अनुरुपको सन्तोषजनक अवस्था भने छैन नै भन्नु पर्छ। तर वि.स २०३८ साल पश्चात विकास भएको ट्रेड स्कुल धारणाले मुर्तरुप लिई २०४५ सालमा स्वायत्त सस्थाको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको पाईन्छ। तत्पश्चात छरिएर रहेका प्राविधिक शिक्षाका विभिन्न संस्थाहरुलाई एकीकृत गरी सञ्चालन गर्ने, विभिन्न निकाय बीच समन्वय गर्ने, सीपको वर्गीकरण र स्तर निर्धारण गर्न तथा प्रमाणपत्रहरु प्रदान गर्ने मूल अभिप्रायका साथ अगाडि बढेको प्राविधिक शिक्षाको क्षेत्रमा आज व्यापक विस्तार र विकासको फलस्वरुप देशभर आंगिक शिक्षालय ६३ वटा, सामुदायिक शिक्षालयमा प्राविधिक शिक्षा कार्यक्रम ५७२ वटा, साझेदारी स्वरुपमा सञ्चालित ३८ वटा तथा निजी क्षेत्रमा सम्वन्धन स्वीकृति प्राप्त ४२९ वटा संस्थाहरुले लामो अवधिको प्रि-डिप्लोमा तथा डिप्लोमा तहमा प्राविधिक शिक्षा कार्यक्रम प्रदान गर्दै आइरहेका छन् भने छोटो अवधिका सीपमुलक तालिम सञ्चालन गर्ने तालिम प्रदायक संस्थाहरु १३३६ वटा रहेका छन् । यस अतिरिक्त अनौपचारिक क्षेत्रको अनुभव प्राप्त गरेका वा तालिम प्राप्त गरेका नेपाली नागरिकहरुलाई वार्षिक रुपमा ५०,००० जतिको सीप परीक्षण समेत गर्दै आइरहेको छ। क्षेत्रगत र कार्यक्रमगत हिसावले पँहुच विस्तार भएतापनि गुणस्तर वृद्धि चूनौतिको रुपमा रहेको देखिन्छ।

२) **प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको क्षेत्रमा हालसम्म भएका उपलब्धीहरुलाई कसरी हेर्नुहुन्छ ?**

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा हालका दिनहरुमा व्यापक रुपमा विस्तार भएतापनि गुणस्तर वृद्धि तर्फ पर्याप्त ध्यान दिनु जरुरी देखिन्छ। नेपाल सरकारले सबै स्थानीय तहहरुमा प्राविधिक शिक्षाको पहँच पुऱ्याउने नीति लिए अनुरुप परिषद्को आफ्ना कार्यक्रमहरु विस्तारको क्रमलाई बढाएको छ भने पिछडिएको वर्ग र पहुँच नपाएका व्यक्तिहरुलाई प्राविधिक शिक्षाको मूल धारमा ल्याउन निःशुल्क शिक्षा तथा आवास सहितको विशेष छात्रवृत्ति समेतको व्यवस्था गरेको छ।

३) **परिषद्का हाल विद्यमान मुख्य समस्या र चुनौतीहरु के के छन् ?**

परिषद्को मुख्य चुनौती भनेको प्राविधिक शिक्षा अध्ययन गर्नेहरुको गुणस्तर वृद्धि गरी अन्तर्राष्ट्रिय बजार अनुरुपको सीप सिकाउनु हो। त्यसैगरी श्रोत र साधनहरुको सिमितताका बीच गुणस्तरीय प्राविधिक शिक्षाको विस्तार गर्नु पनि चुनौती



नै छ । पर्याप्त जनशक्तिको व्यवस्थापन गर्नु, प्राविधिक शिक्षालयको विस्तार अनुरुप थप दरवन्दी स्वीकृती गर्नु, योग्य र दक्ष जनशक्ति विकास गर्नु, प्रशिक्षकको क्षमता विकास लगायत कर्मचारी वृद्धि विकास र व्यवस्थापन गर्नु, संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयमा प्रभावकारिता बढाउनु, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) लगायतका शिक्षालयबाट दिइने प्राविधिक शिक्षामा गुणस्तरको प्रत्याभुति दिलाउनु, पोलिटेक्निक निर्माण लगायतका कार्य सञ्चालन गर्न सिमित स्रोत साधनको अधिकतम प्रयोग गर्नु आदि मुख्य चुनौती रहेका छन् ।

४) **प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको संस्थागत पँहुचको विस्तार तथा गुणस्तर अभिवृद्धिमा यहाँको योजना कस्ता छन् ?**

प्राविधिक तथा व्यावसायिक तालिमको संस्थागत पहुँचका लागि स्थानीय आवश्यकताका आधारमा शिक्षालयहरुको विकास र विस्तार हुनुपर्ने हुँदा सोको लागि सीप मापन, संस्था र कार्यक्रमका आवश्यकता पहिचान हुनु पर्दछ । साथै प्रशिक्षकहरुको उपलब्धता, तालीम र बृत्ति विकास पनि त्यतिकै महत्वपूर्ण हुन्छ तसर्थ प्रशिक्षण अनुमतिपत्रको व्यवस्था, प्रयोगात्मक अभ्यासका लागि भवन, औजारको उपलब्धता, परियोजनाहरुको विकास र श्रोतको सुनिश्चितता, भैरहेको परियोजनाबाट पहुँच र गुणस्तर सुनिश्चितता गर्नुपर्दछ। साथै परीक्षा प्रणालीलाई अधिकतम रुपमा सूचना प्रविधिको प्रयोग गरी सरल, प्रशिक्षार्थीहरुले आफु रहेको स्थानबाट सहज ढंगबाट सेवा पाउने वातावरण निर्माण गर्नुपर्दछ । जसका लागि सूचना प्रविधिको व्यापक प्रयोग गर्ने अवस्था सिर्जना गर्नुपर्दछ । तसर्थ उल्लेखित बिषयहरु कार्यान्वयन गर्ने तर्फ मेरा सुधार योजनाहरु केन्द्रित हुनेछन् ।

५) **परिषद्बाट उत्पादित प्राविधिक जनशक्ति र रोजगारीमा लागेको अनुपातको अवस्था कस्तो छ र यसलाई प्रभावकारी बनाउन के कस्तो योजना गर्दै हुनुहुन्छ ?**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरिसकेपछि रोजगारी वा स्वरोजगार बन्नुपर्दछ । यदि त्यसो भएन भने स्रोत र साधनको सहि सदुपयोग नभएको ठहरिन्छ । अतः हाम्रा शिक्षालयबाट उत्तिर्ण भएका प्रशिक्षार्थीहरुले सालाखाला ७० प्रतिशतले रोजगारी पाएको आँकडा विगतमा गरिएका केही अध्ययनहरु जस्तै कर्णाली प्राविधिक शिक्षालय, हालको बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी र जिरी प्राविधिक शिक्षालयको ट्रेसर अध्ययनले देखाएको छ । यद्यपि आगामी दिन विस्तृत अध्ययन




गरिनेछ । प्रशिक्षार्थीहरुलाई सीपयुक्त बनाउन प्रयोगात्मक अभ्यास कार्यलाई जोड दिनु पर्दछ साथै पाठ्यक्रमलाई समय सान्दर्भिक बनाउदै लैजानु पर्दछ जसका लागि दक्ष प्रशिक्षक/व्यवस्थापन, गुणस्तरीय प्रशिक्षणको व्यवस्था तथा समसामयिक रुपमा पाठ्यक्रमहरुको निर्माण र परिमार्जन र कार्यस्थलमा आधारित प्रशिक्षण प्रणालीलाई व्यापक रुपमा विस्तार गरेर लैजाने योजना रहेको छ ।

६) **प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको विकास, विस्तार र गुणस्तर सुनिश्चितताका लागि प्रस्तावित परिषद् ऐनमा परिषद्का तर्फबाट कस्तो भूमिका निर्वाह गर्दै हुनुहुन्छ ?**

संविधानको मर्म र भावना अनुसार संघीयताको मोडेल अनुरुप प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच विस्तार गर्नु आजको आवश्यकता हो । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐनको निर्माण वा भएको ऐनमा सम-सामयिक परिवर्तन गनुपर्ने हुन्छ । संघ, प्रदेश र स्थानीय सरकार, औद्योगिक प्रतिष्ठान र विभिन्न प्राविधिक शिक्षा र तालिम संग सम्वन्धित सरोकारवाला निकायहरु बीच समन्वय गर्न स्पष्ट कार्यक्षेत्र सहितको ऐन र विधि निर्माण गर्नु पर्दछ । जसका लागि सरोकारवालाहरु र मन्त्रालय बीच वहस छलफल व्यापक रुपमा गरिनेछ, सुझावहरु लिइनेछ र ती सुझावका आधारमा परिषद्मा छलफल गरी कानुन निर्माण गर्न सुझाव सहितको उपयुक्त निकास लिइनेछ ।

७) **परिषद्का कार्यक्रम तथा गतिविधिहरुलाई आगामी दिनमा कसरी अगाडि बढाउने लक्ष्य लिनु भएको छ ?**

आगामी दिनमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरुलाई स्थानीय तहसँग सरल र सहज रुपमा पँहुच पुऱ्याउने गरी कार्यक्रमहरुको निर्माण हुनुपर्नेछ । जसका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका कार्यक्रम बीच तादाम्यता हुनु जरुरी हुने हुँदा सो का लागि व्यापक रुपका बहस, छलफल गरिनेछ । प्रशिक्षण अनुमतिको व्यवस्था, सीप परीक्षण प्रयोगशालाहरु निर्माण गरी गुणस्तरीय सीप परीक्षणको व्यवस्था मिलाइनेछ । निर्माण सम्पन्न हुन बाँकी बहुप्राविधिक शिक्षालयहरुको निर्माण तथा हाल सञ्चालनमा रहेका पुराना बहुप्राविधिक शिक्षालयहरुको मर्मत संभारमा जोड दिइनेछ । साथै प्रशिक्षणका लागि जनशक्ति व्यवस्थापन, तालीम योजना, पद सिर्जना वा स्वीकृति र पदपूर्ति तथा बढुवा सम्बन्धी कार्य अगाडि बढाइनेछ । सामुदायिक शिक्षालयमा सञ्चालनमा रहेका कार्यक्रमहरुको गुणस्तर अभिवृद्धिका लागि परियोजनाहरु निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा कार्यक्रमहरु विस्तार गरी पहुँचको सुनिश्चितता गरिनेछ ।

# मिनाको यात्राः अनमी देखि नर्सिङ्ग अफिसरसम्म



जीवनका कुनै मोडमा अवसरका ढोकाहरु धेरैतिर खुला हुन्छन् । तर त्यो मौकाको सदुपयोगका लागि उपयुक्त निर्णय आवश्यक पर्दछ । पढाईकै सन्दर्भमा पनि एसईइ सम्मको अध्ययन पुरा भएपछि अब के पढ्ने त भनेर कतिपयले निर्णय नै लिन सक्दैनन् । अनि साथी वा नजिकका आफन्तको रोजाईका विषय पढ्न बाध्य हुन्छन् । त्यसैले जीवनमा कुनै न कुनै लक्ष्य हुन अत्यन्त जरूरी हुन्छ ।

मिना कार्कीको सानै देखि नर्स बन्ने सपना थियो । उनले कक्षा १० को टेष्ट परीक्षा पास गरेर बसेको समयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले अनमी अध्ययनको लागि गरेको विज्ञापन रेडियोमा सुनिन् अनि बुबा आमासँग इच्छा जाहेर गरिन । तर बुवा आमाले उनलाई नर्स बाहेकको पेशा अपनाउन गर्नुभएको आग्रहलाई लत्याउँदै आफ्नो इच्छा अनुसारकै नर्सिङ पढ्ने निधो गरिन् । सीटीईभीटीले प्रदान गर्ने छात्रवृत्ति कोटा अन्तर्गत नाम निकाल्न उनी सफल भईन । खानबस्न सबै शिक्षालयले दिने भएपछि अभिभावकको औपचारिक साथ नपाए पनि उनले जुम्लाको कर्णाली प्राविधिक शिक्षालयबाट २०५२ सालमा साढे दुई वर्षको अनमी कोर्स पुरा गरिन् । उनी सो शिक्षालयको पहिलो ब्याच पनि हुन् । बुबाआमा निरक्षर भएर पनि छोरीलाई पढाउनुपर्छ भन्ने धारणा उहाँहरुमा थियो तर एसएलसी नदिई घरबाट टाढा गएर प्राविधिक शिक्षा हासिल गर्ने मिनाको निर्णय प्रति त्यस बेलामा उनको परिवार खुशी थिएनन् ।

दुई वर्ष स्कूलको अध्ययन पूरा भएपछि ६ महिना कार्यगत तालिम (ओजेटी) हुन्थ्यो । उनी ओजेटीको लागि परिवार नियोजन संघमा आवद्ध भइन् र ओजेटी सक्ने वित्तिकै त्यहीं स्थायी कर्मचारी भइन् । त्यतिबेला अनमीको तलब करिव १८ सय थियो तर परिवार नियोजन संघले उनीलाई २५ सय दियो । त्यहाँ उनले ५ वर्ष काम गरिन् । गाउँघरमा छोरीको बिवाह छिट्टै गरिदिने चलन थियो । उनी १० कक्षामा पढ्दाखेरी नै उनका प्राय साथीहरू चुरापोते लगाएर स्कूल आउँथे । अनमी सकिए पश्चात उनको बिवाह भयो । बिवाह पछि पनि मिनाले जागिरलाई निरन्तरता दिँदै गईन । केही समय पछि छोरीको जन्म भयो । त्यसपछि पनि पढाईलाई फेरी निरन्तरता दिने उद्देश्यले २०५६ सालमा एसएलसी दिईन । एसएलसीको तयारीको लागि जागिरबाट २ महिना छुट्टि नै लिएर बसेकी थिईन र उनको ब्याचबाट उनी मात्र पहिलो श्रेणीमा उत्तीर्ण भएकी थिईन् । त्यही सालमै लोकसेवा आयोगमा अनमीमा नाम पनि निकालिन् ।

केही वर्षपछि स्वास्थ्य मन्त्रालयबाट सुरक्षित मातृत्व सम्बन्धी परियोजना अन्तर्गत ८ जना अनमीलाई छात्रवृत्तिमा स्टाफ नर्सका लागि आएको कोटामा उनले नर्सिङ्ग पढ्ने अवसर पाइन् । पीसीएल नर्सिङ्ग सकाएर उनले नर्सिङमै स्नातक गरिन् र भारतको बेङ्गलोर स्थित राजीव गान्धी युनिभर्सिटीबाट उनले नर्सिङ्गमा स्नाकोत्तर अध्ययन पूरा गरेकी छन् । हाल उनी एल.एल.एम. समेत गर्दैछिन् ।

मिनाले सरकारी जागिर सँगसँगै अल्का हस्पिटलमा नर्सिङ्ग कन्सल्टेन्टको रूपमा साढे ५ वर्ष देखि आवद्ध छिन् भने हाल उनी लगनखेलमा अवस्थित मेन्टल हस्पिटलमा नर्सिङ्ग अधिकृतको रुपमा कार्यरत छिन् । सरकारी जागिर गरेको २१ वर्ष भैसकेको छ । नर्सिङ पेशाकै कारण उनले थाइल्याण्ड, सिंगापुर, भारत, चीन समेत पुगेकी छिन् ।

जीवनमा पाएका सफलता तर्फको पहिलो कदम सीटीईभीटीबाट नै भएको उनको बुझाइ छ । उनी भन्छिन्, "सीटीईभीटी त मेरो मन्दिर, मेरो माइतीघर हो । सीटीईभीटी जुन अवधारणाले आएको छ त्यो एकदमै राम्रो छ । निम्न वर्गका विद्यार्थीहरु जो सःशुल्क पढ्न सक्दैनन् उनीहरूलाई निःशुल्क रूपमा पढाईदिनु भनेको ठूलो कुरा हो ।"

मिना भन्छिन्, "एउटा प्लम्बिङ सिकेको मान्छेले कति राम्रो कमाई गर्छ, आफ्नो व्यावसाय सञ्चालन गरेर बस्न सक्छ । सीटीईभीटीबाट मोटरसाइकल मेकानिक तालिम सिकेर ग्यारेजमा काम गर्नेहरुले अहिले आफ्नै शोरूम खोल्नुभएको छ । त्यो सीप त सीटीईभीटीले दिएको हो नि । सीटीईभीटीको तालिमले गर्दा सबैको आत्मबल बढेको हो । सीटीईभीटीबाट तालिम वा प्रमाणपत्र लिनेहरूले विदेशमा गएर समेत राम्रो कमाई गरेका छन् ।" अभिभावकको सहयोग र समर्थनबिना जीवनमा पाएको सफलता र अनमीको छात्रवृत्तिले फेरिएको मिनाको जिन्दगीका आगामी पाईलाहरुमा पनि सफलता मिलोस भन्ने शुभकामना !

# शिक्षालय परिचय

## रामेछाप बहुप्राविधिक शिक्षालय

वि.स. २०७४ सालदेखि रामेछाप जिल्ला मन्थली नगरपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आङ्गिक शिक्षालयको रुपमा रामेछाप बहुप्राविधिक शिक्षालय रहेको छ । परिषद्द्वारा विभिन्न विधामा लामो तथा छोटो अवधिका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरु सञ्चालन गरी पूर्वाधारहरु स्वरोजगार वा रोजगार बनाउने उद्देश्यका साथ स्थापना भएको हो । यस शिक्षालयले सिक, कमाउ र उद्यम गर भन्ने मूल ध्येयका साथ आफ्ना शिक्षण सिकाई क्रियाकलापहरु सञ्चालन गरिरहेको छ । यस शिक्षालयमा अहिले देशका २० भन्दा बढी जिल्लाका प्रशिक्षार्थीहरु डिप्लोमा तर्फका विभिन्न कार्यक्रमको शिक्षण सिकाईमा आवद्ध रहेका छन् ।

शिक्षालयमा सञ्चालित लामो अवधिका तीन वर्षे डिप्लोमा तहका कार्यक्रमहरु यस प्रकार छन् ः

१. डिप्लोमा तह कृषि बाली विज्ञान

२. डिप्लोमा तह कृषि पशु विज्ञान






यस शिक्षालयले शिक्षण सिकाईलाई जीवन उपयोगी, अनुसन्धानमुलक र श्रम बजारमैत्री बनाउने उद्देश्यका साथ विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आईरहेको छ । अध्ययनबाट प्राप्त ज्ञानलाई सीप सँग र सीपलाई उत्पादनसँग जोडी परिषद् को सिक-कमाउ-तिरको अवधारणालाई मुर्तरुप दिनका लागि विभिन्न उत्पादनमुलक कार्यक्रमहरु जस्तै व्यावसायिक तरकारी खेती, कुखुरापालन, बाख्रा पालन, अनार खेती जस्ता कार्यहरु भईरहेका छन् । यस शिक्षालयमा पठनपाठन कार्यलाई सहजरुपमा सञ्चालन गर्न पर्याप्त कक्षाकोठा, खेल मैदान, पुस्तकालय, कम्प्युटर ल्याव तथा महिला छात्रावासको समेत व्यवस्था रहेको छ । यस शिक्षालयमा प्रयोग गर्न सक्ने करिब २५० रोपनी जग्गा रहेको र प्रशिक्षार्थीहरुलाई पर्याप्त मात्रामा प्रयोगात्मक अभ्यास (Practical or Feld Work) गराउने गरिएको छ । शिक्षालयको आफ्नै उत्पादन इकाई मार्फत प्रयोगात्मक अभ्यासकै क्रममा उत्पादन, पोस्ट हार्भेस्ट क्रियाकलापहरु र बजारीकरणको मार्फत प्रशिक्षार्थीहरुमा उद्यमशील बनाउने तर्फ शिक्षालयले आवश्यक सहजीकरण गरिरहेको छ ।

❁❁❁

## अनुरोध

CTEVT News Bulletin मा वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय नामक नयाँ नियमित स्तम्भ प्रकाशित गरिदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमबाट प्रशिक्षित भई अरुलाई प्रेरणा दिने खालका सफलताका कथाहरु र प्राविधिक शिक्षालयको संक्षिप्त परिचयात्मक गतिविधिहरु झल्कने लेख तथा फोटाहरु सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना researh@ctevt.org.np मा उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

सम्पादक मण्डल

# फोटो फिचर




जिरी प्राविधिक शिक्षालय
JIRI TECHNICAL SCHOOL
JIRI, DOLAKHA






CTEVT DAY
CATCH IT.
BIN IT.
KILL IT.


CTEVT DAY


पोखरा प्राविधिक शिक्षालय
Moving Toward Centre of Excellence in Tourism & Hospitality


POLICE

# फोटो फिचर
















